# संगम बचत तथा ऋण सहकारी संस्था लि.

बिदुर-४,बट्टार नुवाकोटको

**चौथो बार्षिक साधारण सभा**

११ असोज २०६५

**संगम बचत तथा ऋण सहकारी संस्था लि. को चौथो बार्षिक साधारण सभामा संचालक समितीको तर्फ बाट अध्यक्ष श्री रमेशकुमार श्रेष्ठ ज्यु को प्रतिबेदन**

श्रीमान् प्रमुख अथिती ज्यु , बिशिष्ट अतिथी ज्यु, अतिथी ज्यूहरु, बिभिन्न संघ संस्था बाट पाल्नु भएका प्रमुख एवं प्रतिनीधि ज्यूहरु, शेयर धनी महानुभावहरु सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु महिला तथा सज्जनवृन्दहरुलाई संस्थाको तर्फ बाट तथा आफ्नो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिबादन ब्यक्त गर्दछु ।

लोकतान्त्रीक गणतन्त्रको नयाँ नेपाल बनाउने आधार सहकारी क्षेत्रको बिकास र प्रवर्द्धन भएको हुनाले नेपाल सरकारको आ.ब.२०६५/०६६ को गाउँ गाउँमा सहकारी घरघरमा भकारी भन्ने मूल नारा लाई हाम्रो संस्थाले दृढपुर्बक पालना गर्ने बिश्वास दिलाउन चाहन्छु । बिभिन्न किसिमका समस्या, चुनौती र अबसर संग मुकाबिला गर्दै सम्पुर्ण शेयर सदस्यहरुको सामाजिक ,आर्थिक,राजनैतिक र सांस्कृतिक परिबर्तन गर्न प्रत्येक सदस्यको आय बृद्धि हुने कार्य गरिने समेत अवगत गराउन चाहन्छु । हामीले सदैब सिक्का सिक्का बचत ढिक्का ढिक्का प्रतिफल भन्ने संस्थाको मूल नारा लाई बाताबरण अनुकुल प्रयोग गर्दै आएका छौ ।

बिशेष गरी बेरोजगारी र बर्तमान समयमा ब्यबसायिकरण हुन प्रयासरत युबाहरु तथा समाजका प्रतिष्ठित ब्यक्तिहरुलाई समेटी यस सहकारी संस्थाले बृहत रुपमा कार्यालय सञ्चालन काल देखिने नयाँ र नबिन कार्यहरुको थालनी गरीरहेको छ । यसैक्रममा देशका स्थापित बैंक एवं बित्तिय संस्थाहरु प्रतिष्ठित मनी ट्रान्सफर सेवा ,जीबन र गैर जीबन बिमा आदि कार्यहरु सफलता पुर्बक सञ्चालन गर्दै आएको छौ । यस क्रममा शेयर सदस्य हरु एवं जिल्लाबासीहरुमा राके राम्र सर्बसुलभ तरिकाले सेवा प्रदान गरी रहेको छौ ।

सुचना र प्रबिधीको बढ्दो प्रयोग बाटै आधुनिकरण सम्म पुग्न सक्ने बर्तमान मान्यता लाई आत्मासाथ गर्दै नुवाकोट जिल्लामै पहिलो पटक पुर्ण रुपमा कम्प्युटरराईज सिस्टम बाट कारोबार

गर्न सफल भएका छौ । हामी लाई लाग्छ यो सम्पुर्ण सहकारी एवं लघुवित्त संस्थाहरुको लागी सफलताको एउटा कडी हो । यसमा हामीलाई प्राविधिक रुपमा सहयोग गर्ने लुमीनरी सफ्टवेयर बिन्डर प्रति हामी आभारी छौ ।

हरेक संस्थाले कुनै न कुनै प्रकारले सामाजिक संस्कार एवं प्रणाली हरुमा प्रभाव पारिरहेको हुन्छ । हामीलाई पनि लाग्छ हाम्रो संस्था समाज र समुदाय संग प्रत्यक्ष वा परोक्ष रुपमा प्रभावित छ । यसर्थ समाज र समुदायको लागी रचनात्मक र प्रभावकारी भुमीका निर्वाह गर्नु हाम्रो दायित्व रहन्छ । त्यसो त सहकारी संस्था र समाज बीच अनोन्याश्रित सम्बन्ध हुन जरुरी छ । यिनै कुराहरुलाई मनन गर्दै यस सहकारी संस्थाले समाजमा रहेका सदस्यहरुको र गैर सदस्यहरुको हितमा लागी वृहत स्वास्थ शिविर, बाढी पिडीतहरुको लागी रु ३०,०००/- राहत संकलन जस्ता सामाजिक कार्यहरु सम्पन्न गरी सकेको छौ । हामी अहिले सिकाइको क्रममा छौ, हामीले अझै बढि उन्नती र प्रगतीको शिखर चुम्नै बाँकी छ यद्यपी आन्तरीक सहकारी अध्ययन भ्रमणको क्रममा चितवनको दिव्यज्योती बचत तथा ऋण सहकारी संस्थाबाट यस संस्थामा अध्ययन भ्रमण गरिएको थियो जस बाट हामीलाई अरु सिकाइ त मिलेको छ नै अझ थप हौसला समेत मिलेको छ । संसारमा कोही पनि पूर्ण हुँदैन त्यस्तै हामी पनि अवश्य पूर्ण छैनौ बरु हामी बाट कुनै पनि कमी कमजोरी भएको भए सदा झै यहाँहरुले निरन्तर सुझाव र सल्लाह दिई हामीलाई मार्ग निर्देशन गर्नु नै हुनेछ किनकी यहाँहरुको अमुल्य सुझाव र सल्लाह नै हाम्रो मार्गदर्शन र उर्जा हो । संस्थाको कारोबारलाई व्यवस्थित गर्न यस संस्थाले आगामी पाँच वर्ष भित्रमा आफ्नै अत्याधुनिक सुविधा सम्पन्न कार्यालय भवन निर्माण गरी कार्यालय सञ्चालनमा ल्याउने लक्ष्य लिएको छ । आफ्ना सदस्य हरुलाई आधुनिक समाज र यसका विभिन्न पक्षहरु संग सहज पहुच पुऱ्याउन यथा सम्भव सुचना, सञ्चार, व्यापारीक प्रतिष्ठान, गृह योजनाहरु लगायत विभिन्न योजनाहरु ल्याउने काम भइरहेको छ जसको प्रारम्भिक अध्ययनको कार्य भइरहेको सहर्ष जानकारी गराउद छु ।

<u>यसै क्रममा यहाँहरु समक्ष आ.ब.२०६४/०६५ को लेखापरीक्षण प्रतिबेदन अनुसार संस्थाले प्राप्त गरेको उपलब्धि तथा गतिबिधी बारे प्रकाश पार्न चाहन्छु ।</u>

<u>शेयर पुजी तर्फ :</u>

आ.ब.०६४/०६५ मा संस्थाको कुल शेयर पुजी रु ५७,१६,३००/- (सन्ताउन्न लाख सोह्र हजार तीन सय रुपैया मात्र) रहेको छ । जुन संस्थाको सदस्यहरुको शेयरलगानी तथा बचतको सुरक्षाको लागी आवश्यक छ ।

**निक्षेप तर्फ :**

आ.ब.०६४/०६५ मा संस्थामा जम्मा निक्षेप बचत रु २,१६,०८,७०३.८८ (दुई करोड सोह्र लाख आठ हजार सात सय तीन रुपैया अठासी पैसा मात्र) र निक्षेप भुक्तानी रु १,३६,१५,८९०/- ( एक करोड छत्तिस लाख पन्ध्र हजार आठ सय नब्बे मात्र) भई रु ८०,४३,७१३.८८ ( असी लाख त्रिचालीस हजार सात सय त्रेह रुपैया अठासी पैसा मात्र) निक्षेप फिर्ता गर्नुपर्ने देखिन्छ ।

**ऋणतर्फ :**

आ.ब. ०६४/०६५ मा संस्थाको कुल कर्जा लगानी रु १,९०,३५,९१४/- ( एक करोड नब्बे लाख पैतिस हजार नौ सय चौध मात्र) र कर्जा असुली ७७,२६,८६६/- ( सतहत्तर लाख छब्बिस हजार आठ सय छैसट्ठि मात्र) भई रु १,१३,८३,८८४/- ( एक करोड तेह्र लाख त्रियासी हजार आठ सय चौरासी मात्र) कर्जा लगानी देखिन्छ । कर्जा लगानी र असुलीको अनुपात ४०.५९ प्रतिसत देखिन्छ ।

**मौज्दात रकम : :**

आ.ब.०६४/०६५ मा नगद मौज्दात रु ७,७७,७६७.२० ( सात लाख सतहत्तरहजार सात सय सतसट्ठि रुपैया विस पैसा मात्र) र बैंक मौज्दात नेपाल बंगलादेश बैंकमा लि. मा रु १०,३१,९१७.१८ ( दश लाख एकतीस हजार नौ सय सत्र रुपैया अठार पैसा मात्र) मौज्दात देखिन्छ ।

**नाफा :**

: देशको संक्रमणकालीन द्वन्दात्मक अवस्थामा र चरम आर्थिक अन्यौलको अवस्थामा पनि यस संस्थाले आ.ब. ०६४/०६५ मा रु १४२,२२७.१० ( एक लाख बयालीस हजार दुई सय सत्ताईस रुपैया दश पैसा मात्र) खुद नाफा हासिल गर्न सकिएको छ ।

**समित/उपसमिति हरु :**

संस्थाको प्रगतीको खातीर र सञ्चालक एवं शेयर सदस्यहरुलाइ क्रियासील गरी लक्ष्य सम्म पुग्न यस संस्थाले सञ्चालक समिती र लेखा समिती बाहेक बिभिन्न उपसमितिहरुको गठन गरी कार्यविभाजन गर्ने काम गरेका छौ । जसमा कर्जा उपसमीति, मुल्यांकन उपसमिती, शिक्षा उपसमिती, कर्जा असुली उपसमिती, सुचना तथा सञ्चार उपसमिती, मानव संसाधन उपसमिती, खरिद तथा बिक्रि उपसमिती, संस्थागत विकास उपसमिती, शेयर उपसमिती र महिला उपसमिती रहेका छन् ।

यस संस्थाको छत्रछाँयामा हुर्केको संगम ट्रेडिङ कन्सर्न तथा संगम मनि ट्रान्सफरबाट यस संस्थाका सदस्य हरुको शेयर खातामा कुल शेयरको २० प्रतिशत रु ९४६,०००/-( नौ लाख छयालिस हजार) जम्मा गरीएको सहर्ष जानकारी गराउदछु । यस सहकारी संस्थाले अघिल्लो साधारण सभामा पारित [illegible] यस संस्थाको नाम परिवर्तन सहितका बिनियम संसोधनको कार्यहरु डिभिजन सहकारी कार्यालयमा प्रक्रियाको क्रममै रहेको जानकारी गराउन चाहन्छु ।

यस सहकारी संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थालाई बहुमुल्य सहयोग तथा सुझाव प्रदान गरि संस्थाको कार्यदक्षता तथा सेवा बृद्धि गर्न मद्धत गर्ने सम्पूर्ण महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, सहकारी रजिष्ट्रार कार्यालय, डिभिजन सहकारी कार्यालय, पत्रकार मित्रहरु, हामीलाई अपार स्नेह, माया, विश्वास र सुझाव प्रदान गरी संस्थाको उत्तरोत्तर प्रगतीमा लागीपर्नु हुने संस्थाका सम्पूर्ण शेयर सदस्य ज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु , लेखा समितिका संयोजक तथा सदस्य ज्यूहरु, अन्य उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाको उन्नतिमा प्रयत्नरत रहेका कर्तव्यनिष्ठ कर्मचारी मित्रहरु सबैलाई धन्यबाद ज्ञापन गर्न चाहन्छु । साथै बिभिन्न समयमा यस संस्थाले चालेको हरेक किसिमको सामाजिक कार्यहरुमा मिडिया सपोर्ट गर्ने गतिशिल दैनिक पत्रिका, एभिन्युज टेलिभिजन, त्रिशुली समाचार दैनिक, हामीलाइ नैतिक एवं आफ्नो सभाहल उपलब्ध गराइ सहयोग गर्ने समुदायीक तथा ग्रामीण विकास समाज नेपाल (कार्डसन), विभीन्न समयमा संस्थाको सामाजीक कदममा निशुल्क सहयोग उपलब्ध गराइ सहयोग गर्ने नुवाकोट तेक्वान्दो संघ, जिल्ला जनस्वास्थ्य कार्यालय नुवाकोट, नुवाकोट आदर्श बहुमुखी क्याम्पस, सुभेनियर बोडिङ स्कुल, युनिक फर्मासिटीकल विरगंज, इनोभेटीभ युथ नेपाल अनामनगर, .सिद्धि अटो, विदुर नगरपालीका [illegible] तथा वातावरण सुधार परियोजना (गर्खुटार युवा क्लब), सापकोटा मेडीकल हल, एस.पि.अमात्य स्टोर्स, भण्डारी मेडीकल हल कोलनी र हाम्रो रेन्टल एण्ड टेष्ट हाउस लगाएत सबैलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । आगामी दिनहरुमा पनि सबैबाट सदा झै सहयोग तथा सद्भाव पाउने विश्वास लिंदै आ.व.०६५/०६६ को वासलात, सोही अवधिको नाफा नोक्सान, नगद प्रवाह विवरण यँहाहरुवाट अनुमोदन हुने नै छ भन्ने विश्वास समेत लिएको छु । अन्त्यमा नजिकिदै गएको विजया दशमी तथा शुभ दिपावली २०६५ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु । जय सहकारी !

मिति: २०६५/६/११
विदुर नुवाकोट